**FOR IMMEDIATE RELEASE: March 18, 2019**

**Guttmacher Media Contact: Colette Rose**
**Phone: +1-917-597-5131**
**E-mail: media@guttmacher.org**

**CREHPA Media Contact: Kusum Wagle**
**Phone: +977-1-5193087**
**E-mail: kusum@crehpa.org.np**

# नेपालमा परिवार नियोजनका आधुनिक साधनहरू, मातृत्व र नवजात शिशु स्याहारमा बृहत लगानीले अनिच्छित गर्भ, गर्भपतन र मातृ मृत्युलाई घटाउने छ।

नेपाली महिला र बालबालिकाको राम्रो सुस्वास्थ्यका लागि परिवार नियोजनका आधुनिक साधनहरू तथा मातृत्व र नवजात शिशु स्वास्थ्य सेवाको सुलभ पहुँच हुन आवश्यक छ। तर गुट्‌माकर इन्स्टिच्यूट (Guttmacher Institute) र वातावरण स्वास्थ्य र जनसख्या कार्यक्रम अनुसन्धान केन्द्र (कृपा/CREHPA) द्वारा सार्वजनिक गरिएको एक नयाँ अध्ययन प्रतिवेदन अनुसार नेपालमा धेरै महिलाहरू उनीहरूले चाहेका यी सेवाहरूबाट बन्चित छन्।

नेपालमा हरेक वर्ष अनुमानित ५,३९,००० अनिच्छित गर्भ अर्थात कूल गर्भधारणको ४५% हुने गरेको छ जसमध्ये अधिकांश परिवार नियोजनका आधुनिक साधनहरूको चाहना हुँदाहुँदै पनि नपाएको कारण रहेको छ। गर्भधारण गर्न नचाहने प्रजनन् उमेरका नेपाली महिलाहरू मध्ये ४४% महिलाहरूमा परिवार नियोजनका आधुनिक साधनहरूको चाहना हुँदाहुँदै पनि नपाईरहेको अवस्था छ। किनकि उनीहरू कि त ती साधनको प्रयोग गर्दैनन् कि परिवार नियोजनको परम्परागत विधि अपनाउदछन्।

यस बाहेक, नेपालमा ६४% गर्भवती महिलाहरूले मात्र विश्व स्वास्थ्य संगठनले सिफारिस गरे अनुसार कम्तिमा चार पटक गर्भ जाँच गरेको पाइन्छ र ६१% बच्चामात्र तालिम प्राप्त स्वास्थ्यकर्मीको मद्दतबाट जन्माइने गरेको पाइन्छ। यी सेवाहरू गर्भ अवस्था र बच्चा जन्माउने बेलामा उत्पन्न हुन सक्ने स्वास्थ्य जटिलताहरूको रोकथाम एवम् व्यवस्थापन तथा मातृ र नवजात शिशुको स्वास्थ्य सुधारको लागि महत्वपूर्ण हुन्छ।

यस अध्ययन अनुसार हाल नेपालमा परिवार नियोजनका आधुनिक साधनहरूको सेवा प्रदान गर्न प्रत्येक वर्ष १ करोड ८० लाख अमेरिकी डलर खर्च हुन्छ (सबै लागत सन् २०१७ को अमेरिकी डलर अनुसार हो)। परिवार नियोजनका आधुनिक साधनको वर्तमान प्रयोगकर्ताहरूका साथै परिवार नियोजनका साधनको चाहना हुँदाहुँदै पनि नपाएका महिलाहरूको माग पुरा गर्नका लागि यी सेवाहरु विस्तार गर्न कुल ३ करोड ३० लाख अमेरिकी डलर खर्च लाग्छ। त्यस्तै, परिवार नियोजनका सेवाहरुमा कुनै परिवर्तन नगरी सम्पूर्ण गर्भवती महिलाहरूलाई मातृत्व र नवजात शिशु स्वास्थ्य सम्बन्धी विस्तृत सेवा प्रदान गर्न १३ करोड ५० लाख अमेरिकी डलर आवश्यक पर्छ, जुन हालको लागत भन्दा दोब्बर हो। यद्यपि, यदि यी दुबै प्रकारका सेवामा (परिवार नियोजन तथा मातृत्व र नवजात शिशु स्याहार) एकै साथ लगानी गरिएमा मातृत्व र नवजात शिशु सेवाको लागत वार्षिक १० करोड ४० लाख डलरमात्र आवश्यक पर्न

आउँछ । किनकि गर्भनिरोधका साधनको प्रयोगको बृद्धिले अनिच्छित गर्भ र यसका दुष्परिणामहरूको संख्या घटाउँदछ जसले गर्दा उक्त स्वास्थ्य सेवामा लाग्ने खर्चको अन्त्य भएर जान्छ ।

यस अध्ययन अनुसार परिवार नियोजनका आधुनिक साधनहरूको विस्तारमा खर्च हुने प्रत्येक १ (एक) अतिरिक्त डलरमा मातृत्व र नवजात शिशु स्वास्थ्य सेवामा लाग्ने खर्चमा देशले २ (दुई) डलर बचत गर्नेछ । जसबाट देशको मातृत्व तथा नवजात शिशु स्वास्थ्य सेवा कार्यक्रमको मात्र बिस्तारमा लाग्ने लागत भन्दा परिवार नियोजन कार्यक्रममा लगानीले कम खर्च मै मातृ तथा शिशु मृत्यु र विकलाङ्गताहरूलाई घटाउन सकिने छ ।

यस बाहेक यदि परिवार नियोजनका आधुनिक साधनहरूको सेवा लिन चाहने सबै नेपाली महिलाहरूलाई उक्त सेवाहरू उपलब्ध गराउन सके त्यसको प्रतिफल अधिक फाईदाजनक हुनेछ । सन् २०१७ लाई आधार मानेर तुलना गरी हेर्दा आधुनिक परिवार नियोजनका साधनहरूको सेवा बृद्धिले मात्र पनि निम्न परिणाम देखिन सक्छ:

- ४,६९,००० अनिच्छित गर्भमा कमी आउने (८७% ले घट्ने)
- ३,०६,००० ले गर्भपतन कम हुने (८७% ले घट्ने)
- ३०० ले मातृ मृत्यु कम हुने (१६% ले घट्ने)

मातृत्व र नवजात शिशु स्वास्थ्य सेवा महँगो छ, जसले गर्दा यस विस्तृत प्याकेज सेवा प्रदान गर्न कम आय स्रोत भएका देशहरूमा चुनौती ल्याउन सक्छ । तथापि परिवार नियोजनका आधुनिक साधनहरूको सेवामा गरिने खर्च मातृत्व र नवजात शिशु स्वास्थ्य सेवासँगै गरियो भने उक्त महँगो खर्च कम गर्न सकिन्छ । यी सेवाहरूमा एकसाथ लगानी भएमा महिला, तिनका परिवार र समाजलाई फाइदा पुग्नेछ ।

गुट्माकर इन्स्टिच्यूटका वरिष्ठ अनुसन्धान विज्ञ डा. अपर्ना सुन्दरम्का अनुसार “यो प्रमाण स्पष्ट र सशक्त छ ।” उहाँका अनुसार परिवार नियोजनका आधुनिक साधनहरू तथा मातृत्व र नवजात शिशु स्वास्थ्य सेवामा लगानीले महिला, बालबालिका र परिवारको लागि ठूलो फाईदा पुग्छ र साथै समग्र समाजिक र आर्थिक विकासमा सहयोग पुऱ्याउँदछ ।

यस अध्ययनका अर्का विज्ञ, कृपाका सह–निर्देशक डा. महेश पुरीका अनुसार “महिलालाई कहिले र किन बच्चा जन्माउने भन्ने निर्णय लिन सक्षम बनाई आधुनिक परिवार नियोजनका साधनहरू मार्फत मातृ र बालमृत्यु एवम् सिर्जित विकलांङ्गता घटाउने एउटा प्रभावकारी रणनीति हो । उहाँका अनुसार नेपालमा महिला तथा दम्पत्तिहरूले बढ्दो रूपमा साना परिवार चाहन्छन्, त्यसैले आधुनिक परिवार नियोजनका साधनहरूको माग बढ्दै जाने देखिन्छ ।”

यो माग पूरा गर्ने जिम्मेवारी केन्द्रीय, प्रदेश तथा स्थानीय सरकार, निजी क्षेत्र तथा राष्ट्रिय र अन्तराष्ट्रिय विकास साझेदारहरूको सहकार्य र समन्वयमा हुनुपर्छ । सरकारी लगानीमा सञ्चालित सेवाहरुको पहुंचको सुधारले खासगरी आर्थिक रूपमा कमजोर र दुर्गम क्षेत्रमा बसोबास गर्नेहरूका आवश्यकता पुरा गर्न महत्वपूर्ण भूमिका खेल्दछ ।

## थप जानकारीका लागि, तल उल्लेखित प्रतिवेदन पढ्नुहोस् ।

**Adding It Up: Costs and Benefits of Meeting the Contraceptive and Maternal and Newborn Health Needs of Women in Nepal**, by Aparna Sundaram, Mahesh Puri, Ayana Douglas-Hall, Kusum Wagle, Kate Castle and Eva Weissman.